नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: १६१२

मितिः २०८२/१२/१८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

**विषयः माथिल्लो तिरिजा खोला- ए जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।**

श्री माउण्ट हिमालयन ऊर्जा प्रा. लि.,
काठमाण्डौ, नेपाल।
सम्पर्क नं.: ९८४११९५७६०, ०१-५९१३८६६।

प्रस्तुत विषयमा माथिल्लो तिरिजा खोला- ए जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरी तँहाबाट पेश भएको दरखास्त उपर कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (पाँचौ संशोधनसहित) को दफा १० को उपदफा (३) बमोजिम **तपशिल**का नपुग कागजात/विवरणहरू **पैतिस (३५)** दिनको समयावधिभित्र विभाग समक्ष पेश गर्नुहुन मिति २०८२/१२/१६ को विभागीय निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ता, प्यान दर्ता प्रमाण पत्र, प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
२. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
३. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.
४. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no. समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरु,
५. नेट वर्थ तयार गर्ने CA को संस्था दर्ता प्रमाण पत्र, आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण पत्र, प्यान दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
६. परामर्शदातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
७. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा प्रवर्द्धक तथा परामर्शदाताको संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(अनुशा अधिकारी)
इन्जिनियर